हे अल्लाह! मेरा पापहरू, मेरो अज्ञानता, मेरा सबै कर्महरूमा भएका अपराधहरू र तपाईंलाई मभन्दा बढी थाहा भएका सबै कुराहरू क्षमा गर्नुहोस्। हे अल्लाह! मेरा पापहरू, मैले जानेर गरेको, अनजानमा गरेको र मजाकमा गरेको सबै कुराहरू क्षमा गर्नुहोस्। यो सबै मैले गरेको हो। हे अल्लाह! मेरा विगतका र भविष्यका पापहरू, मेरा गोप्य र मेरा सार्वजनिक पापहरू क्षमा गर्नुहोस्। तपाईं नै अगाडि ल्याउने र तपाईं नै पछाडि ल्याउने हुनुहुन्छ र तपाईं नै सबै कुरामाथि शक्तिवान हुनुहुन्छ।

अबू मुसा (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि व सल्लम) यो दुआ माग्ने गर्नु हुन्थ्यो : "हे अल्लाह! मेरा पापहरू, मेरो अज्ञानता, मेरा सबै कर्महरूमा भएका अपराधहरू र तपाईंलाई मभन्दा बढी थाहा भएका सबै कुराहरू क्षमा गर्नुहोस्। हे अल्लाह! मेरा पापहरू, मैले जानेर गरेको, अनजानमा गरेको र मजाकमा गरेको सबै कुराहरू क्षमा गर्नुहोस्। यो सबै मैले गरेको हो। हे अल्लाह! मेरा विगतका र
भविष्यका पापहरू, मेरा गोप्य र मेरा सार्वजनिक पापहरू क्षमा गर्नुहोस्। तपाईं नै
अगाडि ल्याउने र तपाईं नै पछाडि ल्याउने हुनुहुन्छ र तपाईं नै सबै कुरामाथि
शक्तिवान हुनुहुन्छ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि व सल्लम) का उत्कृष्ट दुआहरूमध्ये एउटा यो (पनि) हो । हे अल्लाह ! मेरा सम्पूर्ण पापहरू माफ गरि दिनुहोस् । थाहै नपाइ हुने मेरो गल्तीहरू क्षमा गर्नुहोस्। मेरा सबै काममा भएका कमीकमजोरी र अतिक्रमणहरूको लागि मलाई क्षमा गर्नुहोस्। "तपाईं मेरो बारेमा धेरै जान्नुहुन्छ।" मलाई ती पापहरू पनि क्षमा गर्नुहोस् जुन तपाईंले जान्नुहुन्छ र मैले बिर्सेको छु। "हे अल्लाह, मेरा पापहरू क्षमा गर्नुहोस्, ती पापहरू पनि जुन मैले जानाजानी गरेको छु।" अनि मेरा ती पापहरू क्षमा गर्नुहोस् जुन मैले गम्भीरतापूर्वक वा मजाकमा गरेको छु। "यो सबै मसँग छ।" मलाई थाहा छ कि मैले यस्ता सबै पापहरू गरेको छु। हे अल्लाह, मैले अहिलेसम्म गरेका पापहरू र आउने दिनहरूमा गर्ने पापहरूको लागि मलाई क्षमा गर्नुहोस्। मैले गोप्य रूपमा गरेको र खुलेआम गरेको । तपाईं आफ्नो सृष्टिमध्ये जसलाई चाहनुहुन्छ, आफ्नो प्रेमका कुराहरू प्रदान गरेर अगाडि बढाउनुहुन्छ र जसलाई चाहनुहुन्छ, उसलाई पछाडि एक्लै छोड्नुहुन्छ। तपाईंले जसलाई पछाडि पार्नुहुन्छ, उसलाई कसैले अगाडि बढाउन सक्दैन र तपाईंले जसलाई अगाडि बढाउनुहुन्छ, उसलाई कसैले पछाडि गर्न सक्दैन। "तपाईंसँग सबै कुराको शक्ति छ" तपाईंसँग पूर्ण अधिकार र पूर्ण इच्छाशक्ति छ। तपाईं जे चाहनुहुन्छ गर्न सक्नुहुन्छ।

http://sunnah.global/hadeeth/ne/show/5483